# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः २१ मितिः २०७९।१०।१०


## भाग-१

शिवराज नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## शिवराज नगरपालिकाको आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०७९

नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो **शिवराज नगरपालिकाको आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०७९** जारी गरेको छ ।

# शिवराज नगरपालिकाको आर्थिक ऐन,२०७९ लाई संशोधन गर्न बनेको ऐन,२०७९

**नगर सभाबाट स्वीकृत मितिः २०७९।०९।२८**

**प्रस्तावनाः**

शिवराज नगरपालिकाको आर्थिक ऐन, २०७९ ले प्रस्ताव गरे बमोजिम स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न बनेका कर तथा शुल्कका दर र दायरामा समय सापेक्ष संशोधन गर्न तथा केही नयाँ करका दर तथा दायराहरु थप गर्न आवश्यक देखिएकोले, नेपालको संविधानको धारा २२८ को उप-धारा (२) बमोजिम शिवराज नगरसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "शिवराज नगरपालिकाको आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको ऐन, २०७९" रहेको छ।

२. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. शिवराज नगरपालिकाको आर्थिक ऐन,२०७९ मा देहाय बमोजिम संसोधन गर्न बाञ्छनीय भएकोले संसोधन गरिएको छ ।**

**३. यस ऐनमा व्यवस्था भए बाहेक शिवराज नगरपालिकाको अर्थ सम्वन्धि अन्य व्यवस्था शिवराज नगरपालिकाको आर्थिक ऐन,२०७९ बमोजिम नै हुनेछ ।**

**अनुसूची-१० को घ** मा रहेको हाटबजारहरुको न्यूनतम ठेक्का मुल्यमा संसोधन गरी देहाय बमोजिम कायम गरिएको छ ।

| क्र.सं. | नाम | ठेगाना | न्युनतम ठेक्का मूल्य रु. | अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | चन्द्रौटा हाट बजार | शिवराज-५,चन्द्रौटा | ५,३१,२५०।- | ५ महिना | २०७९ फागुन देखि २०८० आषाढ मसान्त सम्म |
| २ | हल्लानगर हाट बजार | शिवराज-२,हल्लानगर | ७०,८३४।- | ५ महिना | २०७९ फागुन देखि २०८० आषाढ मसान्त सम्म |

हाट बजारको कर संकलनको लागि प्रति बजार दररेट शिवराज नगरपालिकाको आर्थिक ऐन,२०७९ मा व्यवस्था भए अनुसार नै हुनेछ।

**अनुसूची-३** को व्यापार व्यवसाय दर्ता शुल्क सम्वन्धि व्यवस्थामा देहाय बमोजिमको दस्तुर तथा शुल्क थप गरिएको छ।

| सि.नं. | विवरण | नयाँ दर्ता | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नामसारी सम्वन्धि दस्तुर** | | | |
| | क. एका घरको ३ पुस्ते भित्रमा नामसारी गर्दा | ५००० | | |
| | ख. अन्य व्यक्तिमा नामसारी गर्दा | ३०००० | | |
| २. | **खानेपानी तथा सरसफाई संस्था/समिति दर्ता शुल्क** | | | |
| | क. खानेपानी तथा सरसफाई संस्था | १००० | ५०० | |
| | ख. खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ५०० | २०० | |

**आज्ञाले,**
**राकेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**